जनकपुरधाम उपमहानगरपालिकाको सम्मानित आठौं नगरसभामा २०७९ साल आषाढ १० गते

उपमहानगरपालिका प्रमुख श्री मनोजकुमार साहज्यूले

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७९/ ८० को नीति तथा कार्यक्रम

जनकपुरधाम उपमहानगरपालिका

२०७९

**जनकपुरधाम उपमहानगरपालिकाको आठौँ नगर सभाको समुद्घाटन समारोहमा नगर प्रमुख श्री मनोजकुमार साहज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को**

**नीति तथा कार्यक्रम**

प्रमुख अतिथिज्यू,

प्रदेश सभा सदस्यज्यूहरु,

उपप्रमुखज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, सञ्चारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु !

१. देशमा सङ्घीयता कार्यान्वयन भएपछि गठित स्थानीय सरकार क्रियाशीलताका पाँच वर्ष व्यतीत भैसकेका छन्। **'सफा, स्वच्छ, सुन्दर र सु-संस्कृत जनकपुरधाम उपमहानगर'** बनाउने सोचसहित अघि बढेको जनकपुरधाम उपमहानगरपालिकाले अहिलेसम्म सातवटा नगर सभा सम्पन्न गरिसकेको छ। यस आठौँ गरिमामय नगरसभा समक्ष उपमहानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसीको अनुभूति भएको छ।

२. प्राचीन मिथिलाको राजधानी जगज्जननी माँ जानकीको पवित्र नगरी ज्ञान मीमांशा शास्त्रार्थको पवित्र स्थल हो। यो देवभूमिमा आफुलाई प्रस्तुत गर्न पाउँदा अन्तरहृदयले यहाँका माटो, प्रकृति प्रति सम्मान व्यक्त गर्न चाहन्छु।

३. यो सरकार भर्खर निर्वाचित भएर क्रियाशील हुँदैछ | जनकपुरधामका जनताले विश्वास गरेर स्थानीय सरकार संचालन गर्ने अनुमति प्रदान गर्नुभएकोमा म समस्त नगरसभा सदस्यहरुका तर्फबाट समस्त नागरिकलाई हृदयदेखि धन्यवाद व्यक्त गर्दछु | विगतमा भएका जनताका विभिन्न आन्दोलनहरुको परिणामस्वरूप प्राप्त नेपालको संविधानले शासकीय सत्तालाई तल्लो तहसम्म पुर्याएर प्रत्येक नागरिकलाई स्वशासन तथा आत्मनिर्णयको अधिकार सुनिश्चित गरेको छ। अहिले सबैतिरका स्थानीय सरकारहरु सोही अधिकारको प्रयोगलाई उच्चतम बिन्दुमा पुर्याउन तल्लीन छन्। नागरिकका अधिकार संरक्षण तथा प्रवर्द्धन गर्न अघि बढिरहेको यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै आन्दोलनहरुमा आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दछु ।

४. जनकपुरधामलाई यस अवस्था सम्म ल्याउन भागिरथ प्रयास गर्नुभएका जनकपुरधामका विगतका मेयर तथा विगतका नगरसभा सदस्यहरुको कामलाई अपनत्व ग्रहण गरी आलोचनात्मक समर्थन गर्दै अझै जिम्मेवारी थपिएको महसुस गरिरहेको छु।

५. उपमहानगरपालिकाको यसभन्दा अघिको सरकारले बितेका पांच वर्षमा साना ठूला केही कार्य गरेको पनि छ । यसबारे जनकपुरधामका सर्वसाधारण नागरिकलाई अवगत नै छ |

६. उपमहानगरपालिकामा हालसम्म केही ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड निर्माण भएका छन् | तथापि विधिवत राजपत्रमा सार्वजनिक हुन नसक्दा कानुनीरुपमा आउन सकेका छैनन् |

७. **राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक क्षेत्र** सबै मूल्यको हिसाबले हेर्दा आम नागरिकले सोचे जस्तो उन्नति हुन नसकेको सबैले महसुस गरेकै कुरा हो । देशमा निरंतर भइरहेका राजनीतिक उथलपुथल अस्थिरताले सबैतिर आफ्नो प्रभाव छोडिरहेको कुरा कसैसंग लुकेको छैन । संघ प्रदेश र स्थानीय सरकार गठन भएपनि एकले अर्कोलाई सघाएपछि मात्र देश अपेक्षित उपलब्धि हासिल गर्न सक्ने हो तर सरकारहरुको बीच देखिएका संवादहीनता तथा रिक्तताले गर्दा कुनैपनि सरकार जनताको कसौटीमा उभिन नसकेको यर्थाथ छ । राजनीतिक दलहरु टुट्ने र जुट्ने प्रकियाको प्रत्यक्ष प्रभाव जनताले बेहोरिरहेको अवस्था छ ।

- जनकपुरधाममा सामाजिक संरचनालाई हेर्दा विभिन्न जातजातिहरु एकअर्काका धर्मसंस्कृतिलाई बुझेर साम्प्रदायिक सदभाव बनाएर बसिरहेका छन् । हिन्दुबाहुल्य क्षेत्र भएपनि यहाँका मुसलमान र हिन्दुबीच भाइचारा उदाहरणीय छ । जनकपुरधाम उत्सव र मेलाको शहर हो । यहाँ सँधै पूजा, पाठ, भजन, कीर्तन भइरहन्छन् । पर्वत्योहारहरु लाई जोशजाँगरका साथ मनाइने गरिन्छ । यसैले यस शहरलाई धार्मिक पर्यटकीय नगरीको रुपमा विकास गरी **सीता** तत्वको बजारीकरण हाम्रो प्राथमिकतामा छ। जनकपुरधामको मूल आर्थिक गतिविधि र आम्दनीको श्रोत वर्षैभरि मनाइने पर्वत्योहारको जमघट तथा पर्यटकहरुमा निर्भर छन् । साथै व्यापार उद्योग धन्धाको पनि उल्लेखनीय योगदान छ।

- मधेश प्रदेशको राजधानी समेत जनकपुरधाम घोषणा भएपछि प्रशासनिक क्षेत्रहरुलाई विचार गर्दा जनतालाई सेवाप्रवाह गर्नका लागि सबै प्रशासनिक निकाय यहाँ रहेका छन् । तथापि सेवामा सुशासन अभिवृद्धि गर्नुपर्नेछ । जनतालाई सुशासनको अनुभूति दिन चुस्तदुरुस्त प्रशासन हुनु आवश्यक छ। स्थानीय सरकार जनताको सबैभन्दा नजिकको

सरकार हो। जनताले रोजमर्रा भोगिरहेका दुख तकलीफ र सास्तीका लागि सुखद मलम लगाउनुपर्ने जरुरी छ ।

८. हुनत सरकारमा बसेर सबैलाई सन्तुष्ट गराउनु आफैमा चुनौती पूर्ण छ। नेपालमा गणतन्त्र आएपछि जनताले आफै माथि आफैले शासन गर्ने अवस्था आउनु पर्दथ्यो । जनता नै हाम्रो वास्तविक मालिक हो भन्ने बुझ्नु पर्दथ्यो तर जुन हिसाबले जनताको आकांक्षाहरुलाई पाखा लगाई विगतमा सरकार चलाइयो यसले जनतामा चरम असंतोष छ। जसको बानगी अहिलेका सामाजिक संजालहरुमा पनि हेर्न सकिन्छ । यस अनुसार जनतालाई चरम असंतोषको अवस्थाबाट राहत दिइ सन्तुष्टि दिने बाटोतिर डोर्याउनु नै हाम्रो सरकारको प्रमुख चुनौती हो भन्ने मलाई लाग्दछ।

९. जनताले जसरी हामी सबै नगरसभा सदस्यहरुलाई रोजेर यहाँ पठाएको छ यसलाई हामीले एक महत्त्वपूर्ण काम गर्ने अवसरको रुपमा लिनुपर्छ । सामाजिक राजनीतिक आर्थिक अनेकौं चुनौतीहरु लाई सामना गरी जनताको अपेक्षा र विश्वासको कसौटीमा हरेक चुनौतीलाई अवसरमा बदलेर जनतालाई सुशासनको वास्तविक अनुभूति दिलाउनु हाम्रो दायित्व र अभिष्ट हो । यसका लागि जनकपुरधामका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको विश्लेषण गरिनेछ तथा सोही अनुरुप कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

१०. स्वच्छ र सफा जनकपुर बनाउने, स्थानीय जनताको हित र स्वाभिमान प्रवर्द्धन गर्ने, प्रशासनलाई विकासमैत्री बनाउने, फजुल खर्च कटौती गर्ने जस्ता उद्देश्य राखी आर्थिक वर्ष २०७९/८० मा जनकपुरधाम नगरलाई मधेश प्रदेशको राजधानी सुहाउँदो बन्न चाहिने सबै किसिमका पूर्वाधार विकास गर्ने अठोटका साथ यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

**उपस्थित नगर सभाका सदज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०७९/८० को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु। यस वर्ष फोहोरमैलाको प्रभावकारी व्यवस्थापन, पर्यटकीय पूर्वाधार तथा भाषा संस्कृति विकास, शैक्षिक क्षेत्र सुधार, स्वास्थ्य क्षेत्र प्रवर्द्धन, कृषि क्षेत्रको व्यवसायीकरण तथा ग्रामीण क्षेत्रहरुमा पूर्वाधार विकास उपमहानगरको प्राथमिकतामा रहेका छन् ।

## फोहोरमैला व्यवस्थापन

११. जनकपुरधामको नगर क्षेत्र र ग्रामीण क्षेत्रको सरसफाईलाई वैज्ञानिक तथा व्यवस्थित ढंगले संचालन गरिनेछ ।

१२. यस आर्थिक वर्षभित्र नगर क्षेत्रमा एक सेनिटरी ल्यान्डफिल साइट स्थापनाको कार्य प्रारम्भ गरिनेछ । नगरका विभिन्न स्थानमा साना साना फोहोर संकलन केन्द्र राखिनेछ तथा फोहोर संकलन केन्द्र वाट फोहोर मैला ल्याण्डफिल साइट सम्म पुर्याउने व्यवस्था गरिनेछ।

१३. फोहोर व्यवस्थापनमा चाहिने आवश्यक उपकरण तथा जनशक्ति परिचालन गरिनेछ | कुहिने तथा नकुहिने फोहोर छुट्याउने प्रविधि मार्फत घरेलु कार्यमा प्रयोग हुने उर्जा तथा कम्पोस्ट मल उत्पादन गरी कृषि कार्यमा प्रयोग गरिनेछ | फोहोरलाई स्रोतमा नै छुट्याउन नागरिकस्तरमा जनचेतना कार्यक्रम गरिनेछ तथा टोल विकास संस्थाहरुलाई सक्रिय गरिनेछ ।

१४. फोहोरमैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको नीतिलाई अवलम्बन गर्दै निजीक्षेत्रलाई आकर्षित गरिनेछ ।|

१५. जनकपुरधाममा बर्षौं देखि विकराल समस्याको रुपमा रहेको लामखुट्टेको नियन्त्रण गर्न सकिएको छैन । यसका लागि स्वास्थ्य क्षेत्रका उच्च तहका विषय विशेषज्ञको परामर्श लिई आवश्यक नियत्रणका उपायहरु खोजी गरि कार्यान्वयन गरिनेछ ।

१६. नगरका सम्पूर्ण वडालाई फोहोर व्यवस्थापन कार्यमा सक्रिय बनाउन प्रत्येक वडामा फोहोर संक्लन गर्ने, सवारी साधन, जनशक्ति तथा स्रोत उपलब्ध गराइनेछ ।

**पर्यटन तथा नगर क्षेत्रको सुन्दरता प्रवर्द्धन**

१७. पौराणिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षणका लागि अध्ययन अनुसन्धान, तिनका विषयमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा सूचना प्रवाह तथा प्रचार प्रसार गर्न स्थापित जनकपुरधाम पर्यटन केन्द्रलाई थप सशक्त बनाइनेछ |

१८. नगर क्षेत्रका रङ्गभूमि मैदान, धार्मिक तथा ऐतिहासिक पोखरीहरुको वृहद् सरसफाई तथा पोखरीका डिलहरुको सौन्दर्यीकरण गर्दै रमणीय स्थलका रूपमा विकास गरिनेछ |

१९. **'एक वडा एक पोखरी'** कार्यक्रम अन्तर्गत प्रत्येक वडामा न्यूनतम एउटा पोखरीको सरसफाई तथा सौन्दर्यीकरण गर्दै पर्यटकीय गन्तव्य तथा रमणीय स्थलको रूपमा विकास गरिनेछ |

२०. सडकमा खुला रूपमा विचरण गर्ने छाडा चौपायाहरुंको उचित व्यवस्थापनका लागि एक वडा नं. १२ मा गौशाला निर्माण गरिनेछ |

२१. ट्राफिक व्यवस्थापन गर्न दुई स्थानमा विद्युतीय ट्राफिक लाइट प्रणाली स्थापना गरिनेछ ।

२२. नगरका सडक तथा सडकपेटीहरुमा जथाभावी रुपमा गरिने पार्किंग नियन्त्रण गर्न नगरका निजी खाली ठाउँहरु पहिचान गरी सुव्यवस्थित पार्किंगको व्यवस्था मिलाइने छ ।

२३. फुटपाथ व्यवसायीहरुलाई निश्चित ठाँउ तोकी सोही ठाउँमा बजार गर्न प्रोत्साहित गरिनेछ ।

२४. जानकी मन्दिर उत्तर तर्फ रहेको तथा रेल्वे स्टेशनमा रहेका तरकारी बजारहरुलाई निश्चित ठाउँ उपलब्ध गराई बजार व्यवस्थापन गरिनेछ ।

२५. नागरिक निर्बाध रुपमा पैदल हिंड्न मिल्ने गरी फुटपाथ व्यवस्थापन गरिनेछ । फुटपाथहरुमा राखिने सम्पूर्ण किसिमका व्यवसायिक पसल तथा निर्माण सामग्रीहरु नियन्त्रण गर्न प्रभावकारी कदम चालिनेछ |

२६. आम नगरवासी तथा मेला भर्न आउने पर्यटकको आवश्यकता अनुसारका क्षेत्रहरु पहिचान गरी सार्वजनिक शौचालयहरु स्थापना गरिनेछ | ती शौचालयहरुको कुशल परिचालन सुनिश्चित गर्न निजी क्षेत्र समेतलाई आह्वान गरिनेछ ।

२७. जनकपुरधामलाई धार्मिक पर्यटकीय नगर विकास गर्दै जाने क्रममा अन्तर गृह परिक्रमा क्षेत्रभित्र माछा, मासु, मदिरा जन्य पदार्थको बिक्री, वितरण तथा प्रयोगलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

२८. जानकी मन्दिरलाई केन्द्रमा राखेर आस्थाको महत्तम बिन्दुमा पुर्याउन जानकी मन्दिरको चारैतिर पैदल मात्र हिंडने व्यवस्था मिलाइनेछ । प्रस्तावित जानकी मन्दिर तथा विश्व सम्पदा कोरिडोरका भागहरुमा र पैदल हिंडने बाटोमा **'सीतराममय'** हुनेगरी वातावरण निर्माण गर्न मधुर ध्वनि गुन्जिने गरी प्रणाली व्यवस्थित गरिनेछ ।

२९. जनकपुरधामलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न मूर्त तथा अमूर्त सम्पदाहरुको संरक्षण गर्नुका साथै जनकपुरधाम लाई विश्वसम्पदा सूचीमा लग्न युनेस्कोको मापदण्ड अनुसारको व्यवस्थापनका लागि आवश्यक कदम चालिनेछ।

३०. मैथिली भाषा साहित्य कला संस्कृतिको प्रवर्धन र संवर्धन अनुसन्धानका लागि जनकपुरधाम उपमहानगरपालिकाले एउटा मिथिला सांस्कृतिक प्रतिष्ठानको गठन गरी यसका लागि चाहिने कार्यविधि नियमावली ल्याएर यसको आधिकारिकताका लागि कार्यप्रकिया अगाडि बढाइनेछ।

३१. विगतदेखि संचालनमा रहेको सार्वजनिक पुस्तकालयलाई संवर्द्धन गरिनेछ ।

३२. साथै पर्यटकीय नगरीको रुपमा जनकपुरधाम उपमहानगरपालिकालाई विकास गर्न लागि जानकी मन्दिर र राम मन्दिरको फोहोर व्यवस्थापन गर्न उपमहानगरपालिकाले आवश्यक सहयोग गर्नेछ ।

**शिक्षा, युवा तथा खेलकूद**

३३. प्रारम्भिक बाल शिक्षा केन्द्रका बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न आवश्यक स्रोतसाधन उपलब्ध गराइनेछ।

३४. विद्यालयलाई अपाङ्गतामैत्री र छात्रामैत्री बनाउने गरी न्यूनतम भौतिक पूर्वाधार विकास गरिनेछ। आगामी पाँच वर्षभित्र जस्तापाताको छानो भएका दसवटा विद्यालय प्रतिवर्षका दरले सबै कक्षा कोठामा **फल्स सिलिङ** राखिनुका साथै **विद्यालय कलर कोड** अनुसार सबै विद्यालयको रङरोगन सम्पन्न गरिनेछ।

३५. सामुदायिक विद्यालयमा इन्टरनेट र प्रविधिको माध्यमबाट शिक्षण-सिकाई गर्न शिक्षकलाई प्रोत्साहित गरिनेछ । सम्पूर्ण आधारभूत विद्यालयलाई इन्टरनेट जडानका लागि न्यूनतम स्रोत उपलब्ध गराइनेछ।

३६. **'एक वडा एक खेलमैदान र एक विद्यालय एक खेल मैदानको'** अवधारणा अनुसार खेल पूर्वाधार विकासको कार्य अगाडि बढाइनेछ।

३७. अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेशस्तरीय खेलमा पदक जित्ने उपमहानगरमा बसोवास भएका खेलाडीहरुलाई पुरस्कृत गरिनेछ।

३८. उपमहानगरपालिकाले प्रत्येक वर्ष **'बृहत् खेलकूद महोत्सव'** आयोजना गर्नेछ।

३९. उपमहानगरपालिकाले खेलकूदलाई प्रोत्साहन गर्न एक प्रदेश स्तरीय रंगशाला निर्माण गर्ने नीति अबलम्बन गरिनेछ।

४०. विद्यालयमा विषयगत शिक्षक दरबन्दीको सुनिश्चितता गरिनेछ । साथै पाठ्यक्रम निर्देशित पाठ्यघण्टा र कार्यघण्टा अनुसार सिकाइका लागि शिक्षकको तयारी प्रस्तुति र त्यसपछि पनि सिकाइका लागि वस्तुगत अनुगमन र पृष्ठपोषण दिने लिने (Monitoring Mechanism) प्रणालीको विकास गरिनेछ।

४१. शिक्षकहरुका लागि तालिम व्यवस्थापनको सुनिश्चतता गरी **'सीपयुक्त शिक्षक सीपयुक्त विद्यार्थी'** उत्पादन गरिनेछ।

४२. **'सज्जिएको कक्षा कोठा सज्जिएको विद्यालय'** व्यवस्थापनका लागि नगरको ग्रामीण क्षेत्रका विद्यालय बाट शुरुवात गरी उपमहानगरपालिकाका सबै विद्यालय लाई आगामी ५ बर्ष भित्र **'कार्यमूलक सिकाई केन्द्र'** को रुपमा विकास गरिनेछ।

४३. **'एक विद्यालय एक ल्याब'** व्यवस्थापनका लागि विद्यालयहरुलाई सहयोग गरिनेछ।

४४. अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गरिनेछ।

४५. विद्यालयमा उपयुक्त शैक्षिक वातावरण निर्माण गर्न शिक्षक, विद्यार्थी र अभिभावकहरु बीच **'मेयर संग शिक्षा कार्यक्रम'** लागू गरी उद्देश्यमूलक तथा प्रविधिमैत्री अन्तरक्रिया संचालन गरिनेछ।

४६. पालिकाले एक वार्ड एक मोडेल विद्यालय स्थापना गर्ने नीति अनुरुप ५ बर्षभित्र सबै वडामा कम्तीमा एउटा मोडेल मातृविद्यालय स्थापना हुने र यसको थालनी पहिलो बर्ष देखि नै गरिहाल्ने नीति लिइनेछ।

४७. प्रत्येक वर्ष उपमहानगरपालिकाले शैक्षिक मेलाको आयोजना गरी तकनीकी तथा ज्ञानको प्रस्फुटनका लागि वातावरण तयार गरी मिथिलालाई ज्ञान मीमांशाको पुरानो थलो रहेको इतिहास उजागर गर्न उत्कृष्ट प्रदर्शन गर्ने विद्यालयहरुका बालबालिका तथा शिक्षकहरुलाई **'मिथिला गौरव'** प्रदान गरिनेछ।

४८. यसै वर्ष स्थानीय पाठ्यक्रम बनाउनलाई आवश्यक कदम चालिनेछ। मिथिलाका संस्कृतिलाई मूलमर्म ठानेर यहाँका गौरवका कथाहरु हाम्रा पुर्खाहरु हाम्रा शहीदहरु लोकपात्रहरु बारे विशेष केन्द्रीकरण गरेर विभिन्न किसिमका जनचेतनामूलक प्रतियोगिताहरु संचालन गरिनेछ।

४९. अतिरिक्त क्रियाकलाप तथा सांगीतिक प्रतियोगिताहरु संचालना उपर बालबालिकाहरुका सिर्जनात्मक प्रतिभा प्रस्फुटनका लागि प्रत्येक विद्यालयमा कम्तीमा महिनाको एक पटक यस्ता कार्यक्रम आयोजना गरी शैक्षिक व्यक्तित्वहरुलाई विशेष आमन्त्रित गरी कार्यसम्पादन गरिनेछ।

५०. **'उपमेयर संग बालबालिका कार्यक्रम'** द्वारा प्रत्येक महिना उपमहानगरपालिकाका लक्षित विद्यालय संग उपमेयरले अनलाईन वा विद्यालय पुगेर पठनपाठनमा देखिएका कमीकमजोरी र जटिलता हटाउन प्रत्यक्ष अन्तरक्रिया गर्ने र बालबालिकाहरु मार्फत उठाइएका सवालहरु सम्बोधन गरी जनमुखी शिक्षाको प्रत्याभुति दिने नीति अवलम्बन गरिनेछ।

### राजस्व तथा स्रोत व्यवस्थापन

५१. ३० लाख सम्मको करदातालाई सम्पत्ति करमा विगतमा लिईरहेको दर भन्दा ३४ प्रतिशत ले छुट दिइने छ। साथै त्यसपछिको २० लाख मूल्य पर्ने सम्पत्तिमा एक प्रतिशत कर छुट दिइने छ|

५२. आर्थिक वर्षको प्रथम ३ महिनाभित्र सम्पत्ति कर तथा व्यवसाय कर बुझाउने करदातालाई महिलाको हकमा १० प्रतिशत छुट र पुरुषको हकमा ५ प्रतिशत कर छुट दिइने छ|

५३. घटेको घटनाको मितिले १ वर्षभित्र व्यक्तिगत घटना दर्ता तथा सिफारिश माग गरिएका निशुल्क गरिनेछ।

५४. आन्तरिक राजस्वको दायरा र आधारलाई फराकिलो बनाउंदै जाने नीति लिनुका साथै राजस्वका स्रोत बढाउन सघन कार्यक्रमहरु संचालन गरिनेछ |

५५. दिगो र भरपर्दो आय स्रोतहरुबाट राजस्व संकलन तथा समुचित परिचालन गरि समृद्ध उपमहानगर निर्माणमा टेवा पुग्ने भएकोले उपमहानगरपालिका क्षेत्रको करको दायरामा नपरेका व्यक्ति, संघ संस्था, व्यवसायहरुलाई करको दायरामा ल्याइनेछ |

५६. हालको कर प्रणालीलाई पूर्णरूपमा कम्प्युटरबाट स्वचालित गराई अनलाईन माध्यमबाट तथा मोबाईल एपबाट कर तिर्ने प्रणाली स्थापित गरिनेछ | साथै, करदाता शिक्षालाई प्राथमिकता दिइने छ |

५७. लक्ष्यमा आधारित उत्प्रेरणा एवं राजस्व अभिवृद्धि प्रोत्साहन मापदण्ड तयार गरी लागू गरिनेछ |

## कृषि नीति

५८. कृषिमा उत्पादकत्व बढाउन **'कृषि यान्त्रिकीकरण'** अपरिहार्य छ। यसका लागि निजी क्षेत्रसंग सहकार्य गरी कृषकले चाहेको बेलामा कृषि यन्त्र उपकरण उपलब्ध गराउन एक **'कस्टम हायरिंग केन्द्र'** स्थापना गरिनेछ। यस केन्द्रबाट कृषकले ठूलासाना कृषि यन्त्रहरु भाडामा लैजान पाउनेछन्।

५९. कृषकलाई कृषि यन्त्र खरीद गर्दा अनुदान दिने नीति लिइनेछ।

६०. जनकपुरधामा एक कृषि उपज बजार फलफूल मण्डी, शीत भण्डार तथा विषादी परीक्षण प्रयोगशाला स्थापना गर्न नेपाल सरकार संग सहकार्य गरिनेछ।

६१. कृषि उपजहरुलाई सहज रूपमा बजारसम्म पुर्याउनका लागि कृषि क्षेत्रसम्म पुग्ने पूर्वाधारहरुको विस्तार गरिनेछ। स्थानीय कृषि उत्पादनको व्यवस्थित बजारीकरणका लागि उपमहानगरभित्रका सबै हाटबजारहरुको थप व्यवस्थापन गरिनेछ |

६२. कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न उपमहानगरभित्र रहेका कुनैपनि कृषियोग्य जमिन बाँझो राख्न दिइने छैन।

६३. उपमहानगरको भूमिको स्पष्ट वर्गीकरण गरी कृषि तथा गैर कृषि भूमि छुट्टयाइनेछ। यसका लागि एक विज्ञ समूह परिचालन गरिनेछ। कृषि भूमिमा कुनै गैर-कृषि कार्य तथा संरचना निर्माण गर्न बन्देज लगाइनेछ।

६४. सतहगत सिंचाईको संभावना पहिचान गरी किसानहरुलाई सिंचाईको व्यवस्थापन गरिनेछ।

६५. सिंचाई गर्न ट्यूबवेल तथा पम्पसेट खरीदका लागि अनुदान दिइनेछ।

६६. कृषि चुन तथा माटो सुधारका लागि अनुदानको व्यवस्था गरिनेछ।

६७. उपमहानगरका उत्कृष्ट किसानहरुलाई पुरस्कृत गरिनेछ।

६८. **'एक वडा एक उत्पादन'** कार्यक्रम संचालन गरी कृषि उत्पादन अभिवृद्धि गरिनेछ|

६९. पशुजन्य पदार्थहरूको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उत्पादन लागत न्यूनीकरणका प्रविधिहरूको उपयोग, फार्म सुधार र यान्त्रिकीकरणलाई जोड दिइनुका साथै पशुहरूको नश्ल सुधारका कार्य गरिनेछ।

७०. **'एक वडा एक पशु फर्म'** आधुनिकीकरण कार्यक्रम लागू गरिनेछ|

७१. कम्तिमा २५ वटा सम्म बाख्रापालन/गाइपालन/भैंसीपालनको प्रस्ताव लिएर आउने पशुपालक समूहलाई अनुदान दिने कार्यक्रम ल्याइनेछ।

७२. पशुजन्य खाद्य पदार्थहरुको गुणस्तरीय उत्पादन, प्रशोधन, विविधिकरण र बजारीकरणलाई प्राथमिकता दिंदै विषयगत शाखा र सेवा केन्द्रहरुमा रोग निदानका लागि प्रयोगशाला सेवा विस्तार गरिनेछ।

**रोजगारी सिर्जना तथा सहकारी**

७३. युवा तथा उद्यमीहरुलाई नवीन व्यवसाय शुरु गर्न आवश्यक क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँचमा सहजीकरण र बजारीकरणका कार्यक्रमसंग क्रमश आबद्ध गराई रोजगारी अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ|

७४. बेरोजगार युवाहरुको डाटाबेस निर्माण गरी ती युवाहरुलाई सीपमूलक तालिम दिइ आफ्नै नगर देशमा स्वरोजगार व्यवसाय संचालन गर्न प्रेरित गरिनेछ। **'बिना सीप कोना जीब'** कार्यक्रमको थालनी गरी लागू गर्ने आधारशीला तयार गरिनेछ।

७५. युवाहरुमा बढ्दै गइरहेको दुर्व्यसन, आक्रामकता, निर्णय लिन नसक्ने, कैरियर दिशा निर्देशका लागि के गर्दा राम्रो हुने भने अवधारणा अन्तर्गतका व्यवस्थापनका लागि मनोवैज्ञानिक परामर्श सेवाहरु (Counselling Centre) नेतृत्वविकास तालिम लगायतका कार्यक्रमहरु निर्माण गरि संचालनमा ल्याइनेछ।

७६. युवा बेरोजगारहरुबाट ठोस प्रस्ताव आह्वान गरी उंनीहरुलाई सर्टिफिकेट वा अन्य जमानीको आधारमा २ लाख सम्म सहयोग गर्ने नीति लिइनेछ।

७७. सहकारी सेवालाई सर्वसुलभ बनाउन उपमहानगरपालिकामा कर्मचारी व्यवस्थापन गरी युवा बेरोजगारहरुलाई सहकारीक्षेत्र संग जोडिनेछ।

७८. प्रधानमंत्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ।

७९. रोजगारीका लागि विदेश जाने क्रम बढ्दो भएकोले सो क्रमलाई रोक्न स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गर्ने र विदेश जानै परेमा सीपमूलक तालिम प्रदान गरी दक्ष जनशक्ति तयार पारि सुरक्षित आप्रवासनको व्यवस्था मिलाइने छ ।

**स्वास्थ्य सेवामा सुधार एवं पहुँच**

८०. आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवामा उपमहानगरबासीको पहुँच सुनिश्चित गर्न स्वास्थ्यको सर्वव्यापी पहुँचको अवधारणा अनुसार सबै वडामा स्थापना भएका स्वास्थ्य संस्थाहरु थप सशक्त बनाइनेछ । नवजात शिशु, आमा र बालबालिकाको पोषण, प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगको रोकथाम, महामारी नियन्त्रण तथा सचेतना प्रवर्द्धनका कार्यहरुमा विशेष जोड दिइनेछ।

८१. बालबालिका, महिला, जेष्ठ नागरिक, अपाङ्गता लगायत जोखिम समूहका व्यक्तिहरुलाई विशेष स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ। उपमहानगरका विपन्न र अपाङ्गता भएका व्यक्तिहरुको नि:शुल्क स्वास्थ्य बीमा गरिने नीति अवलम्बन गरिनेछ ।

८२. उपमहानगरमा बसोबास गर्ने सबै क्षयरोग बिरामीहरुको प्रयोगशाला परीक्षण र आवश्यक औषधि उपचार गर्ने नीतिलाई कार्यान्यवनमा ल्याइनेछ।

८३. विद्यालयमा विद्यार्थीहरुको स्वास्थ्य सुनिश्चित गर्न विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ। उपमहानगरका सबै विद्यालयमा घुम्ती **स्वास्थ्य जांच कक्ष**को व्यवस्था गरिनेछ।

८४. नियम तथा मापदण्ड विपरित मदिरा तथा मासुजन्य पदार्थ बिक्री वितरण गर्ने कार्यलाई कडाईका साथ अनुगमन गरी निरुत्साहित गरिनेछ।

८५. जोखिमयुक्त मेडिकल फोहोरको व्यवस्थापन तथा निर्मलीकरणका लागि सम्बन्धित स्वास्थ्य संस्था तथा अस्पतालहरुसंग आवश्यक सहकार्य गरिनेछ।

८६. जनकपुरधामका प्रत्येक वार्डमा कम्तीमा एउटा बर्थिङ सेन्टर र २० शय्याको जनकपुरधाम मेट्रो अस्पताल निर्माण गर्ने नीति अनुरुप कार्य अगाडी बढाइनेछ ।

८७. आयुर्वेद चिकित्सा प्रणाली मिथिला सभ्यता तथा सांस्कृतिकसंग जोडिको हुंदा आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा पुर्‍याउने नीतिलाई प्रोत्साहिंत गर्दै जडीबुटी पार्कको निर्माण तथा नगर स्तरीय आयुर्वेद उपचार केन्द्रको विकास गरिनेछ ।

**पूर्वाधार तथा शहरी सौन्दर्य**

८८. उपमहानगरपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याउनेछ ।

८९. निर्माण कार्य गुणस्तरीयताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको ल्याब परीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

९०. उपमहानगरका मुख्य सडकहरु बजार क्षेत्रहरुमा तथा चोकहरुमा सडक बत्ती जडानको कार्य यथावत राखिनेछ ।

९१. उप-उपमहानगरपालिका लागि तय भएको बस्ती विकास तथा भवन निर्माण मापदण्डलाई समसामयिक परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।

९२. सडकमा अनुचित ढगंबाट राखिएका निर्माण-सामग्रीका कारण आवागमनमा अवरोध गर्ने र दुर्घटना हुने हुँदा त्यस्तो गर्ने व्यक्ति तथा निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ।

९३. पूर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्न आगामी वर्ष संचालन गरिने संभावित ठूला आयोजनाहरुको "**परियोजना बैंक**" तयार गरिनेछ ।

९४. वडास्तरीय आयोजनाहरुको रकमान्तर र कार्यक्रम संशोधन नगर्ने र अति आवश्यक भएको अवस्थामा सम्बन्धित वडाको सिफारिसमा कार्यपालिकाले निर्णय गरेबमोजिम मात्र हुनेगरी व्यवस्था मिलाइनेछ ।

९५. उपमहानगर भित्रका सबै सडकको नामाकरण गरी **वैज्ञानिक घर नम्बर वितरण** गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

९६. शहरी क्षेत्रमा बसोवास गर्ने नागरिकहरुलाई शारीरिक व्यायामका लागि सार्वजनिक स्थलहरुमा आधुनिक खुल्ला व्यायामशाला स्थापना गर्ने कार्यको प्रारम्भ गरिनेछ।

९७. भवन निर्माण गर्दा अनिवार्य रुपमा कम्पाउण्डवालको नक्सापास गर्ने नीतिलाई निरन्तरता अपनाइनेछ ।

९८. भानुचोकमा निर्माणाधीन सेवा प्रवाह भवनको निर्माण सम्पन्न गरी त्यहाँबाट उपमहानगरपालिकाका विस्तारित सेवाहरु प्रदान गरिनेछ ।

९९. दीर्घिकासर पोखरी सौन्दर्यीकरण र उज्यालो जनकपुर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१००. नगर क्षेत्रका भवनहरुको अग्र भागमा केसरिया रंग लगाउने विगतको नीतिलाई निरन्तरता दिइनेछ ।

**वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन**

१०१. वातावरणमैत्री तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले उपमहानगरभित्र **'हरेक शुक्रवार साइकल चलाउन'** सबै नगरवासीलाई आह्वान गरिनेछ ।

१०२. उपमहानगरको कम्तिमा एक वडालाई पूर्ण सरसफाई युक्त वडा बनाइनेछ । र क्रमशः सबै वडामा निरन्तरता दिइनेछ।

१०३. चालिस म्याक्रोन भन्दा पातलो प्लाष्टिक झोलालाई पूर्णरुपमा प्रतिबन्ध गरिनेछ ।

१०४. अव्यवस्थित पार्किंग गर्ने, प्लास्टिक जलाएर प्रदूषण गर्ने, नगर अव्यवस्थित विज्ञापन सामग्री राख्ने, फुटपाथमा पसल तथा निर्माण सामग्री राख्ने, छतको पानी सडकमा फाल्ने, सतह ढलमा शौचालयको ढल मिसाउने, लगायतका गतिविधि गर्नेलाई निरुत्साहित गरिनेछ ।

१०५. संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना संग लागत साझेदारी गरी जनकपुर सरसफाई तथा पोखरी संवृद्धि आयोजना एवं जनकपुर ड्रेनेज योजनालाई पूर्ण कार्यान्वयनमा लगिनेछ । फिकल स्लज (फोहोर लेदो) Treatment Plant उपयुक्त स्थानमा राख्न जग्गा उपलब्ध गराइनेछ ।

१०६. अस्पताल तथा विभिन्न स्वास्थ्य संस्थाहरुबाट निस्कने मेडिकल वेस्टको व्यवस्थापनका लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ । फोहोरको निर्मलीकरण तथा व्यवस्थापन गर्ने उपकरणको व्यवस्था मिलाइनेछ।

१०७. वातावरण तथा प्रविधिमैत्री यातायात व्यवस्थापन गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१०८. जनकपुरको हेरिटेज रुट कोरिडोरलाई हरियाली तथा सौन्दर्यीकरण गरी प्रवर्द्धन गरिनेछ ।

१०९. जनकपुरधामलाई नेपालको **'सांस्कृतिक राजधानी'** घोषणा गर्न नेपाल सरकार संग पहल गरिनेछ ।

**सुशासन**

११०. उपमहानगरबाट सम्पन्न हुने आर्थिक क्रियाकलापमा वित्तीय जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

१११. उपमहानगरको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउन आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

११२. उपमहानगरपालिकाले कुनै पनि स्वरूपको भ्रस्टाचार सहन नगर्ने नीतिअनुरुप शासकीय क्रियाकलापहरुमा हुन सक्ने अनियमितता, सरकारी सम्पत्तिको अनधिकृत प्रयोग, अपचलन वा दोहन गर्ने जुनसुकै पदाधिकारी, कर्मचारी, सेवाप्रदायक वा सेवाग्राहीलाई कानून अनुरुप दण्डको व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।

११३. निर्माण हुने कार्यको सम्बन्धित सबै पक्षको विश्लेषण नगरी ठेक्का दिएको कारणबाट तोकिएको समय, लागत, गुणस्तरसहितको कार्यसम्पादन नभएमा प्राविधिक मूल्यांकनकर्ता, पदाधिकारी, उपभोक्ता समिति तथा अन्य जिम्मेवार कर्मचारीलाई कानूनअनुसार दण्ड दिने तथा आवश्यक क्षतिपूर्ति भराउने नीति अवलम्बन गरिनेछ।

११४. उपमहानगरपालिकाले प्रदान गर्ने सेवा प्रवाह, आर्थिक व्ययभार र भूगोलसमेतलाई विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण परिमार्जन कार्य गरिनेछ।

११५. उपमहानगरका कार्यहरुबारे असन्तुष्टि तथा गुनासो सम्बोधन गर्न गुनासो सुन्ने संयन्त्र **'हेलो मेयर'** संचालनमा ल्याइनेछ।

११६. सूचना लिने दिने प्रणाली लाई थप व्यवस्थित गरी जनताको कार्य कहिले सम्म हुन्छ स्पष्ट जानकारी दिइने गरी प्रविधि मैत्री प्रशासन संचालन गरिनेछ।

११७. उपमहानगरपालिका लागि आवश्यक पर्ने विभिन्न नीति, नियम तथा परामर्शका कार्यमा विगत देखि सहयोग गर्दै आएको बेलायती सरकारको सहयोग प्राप्त **'सुदृढ परियोजना'** संग थप सशक्त सहकार्य गरी बढी भन्दा बढी नीतिगत परामर्श ग्रहण गरिनेछ।

११८. न्यायिक समितिका निर्णयहरुलाई व्यवस्थित अभिलेखीकरण गरी छिटो न्याय सुनिश्चित गरिनेछ।

**सूचना संचार, प्रविधि प्रयोग तथा डिजिटल प्रणाली**

११९. पत्रकार महासंघ तथा पत्रकार सम्बद्ध संघ-संस्थाको क्षमता विस्तार र सशक्तिकरणका लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ।

१२०. जनकपुरधाम उपउपमहानगरपालिकालाई सूचनामैत्री बनाई स्थानीय सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धन गरिनेछ। स्थानीय पत्र-पत्रिका, रेडियो, टेलिभिजन तथा अनलाइनहरुलाई थप व्यवस्थित, विश्वसनीय र प्रतिष्पर्धी बनाइनेछ।

१२१. सेवा-प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी E-Governance लाई तीव्रता दिइनेछ। सूचना-प्रवाह गर्न तथा नगरवासीसँग अन्तर्क्रिया गर्न **उपमहानगर हाम्रो जनकपुरधाम रेडियो तथा टेलिभिजन कार्यक्रम** सञ्चालन गर्नुका साथै सामाजिक सञ्जालको प्रयोगमा विशेष ध्यान दिइनेछ।

१२२. उपमहानगरका विभिन्न तथ्य तथ्यांकलाई डिजिटल प्रविधिमा प्रविष्ट गरी नीति निर्माण तथा शासकीय कार्यहरुलाई सरल बनाउने अभिप्रायले स्मार्ट सिटी मास्टर प्लान बनाई Digital Janakpur अवधारणा अघि सारिनेछ।

१२३. उपमहानगरपालिकाको आफ्नै सर्भरमा तथ्यांक राखी यसको संरक्षण गर्न उपयुक्त सर्भर खरिद गर्नुका साथै डाटा, एप्लिकेशन, सफ्टवेयर तथा साइबर सुरक्षाको प्रबन्ध मिलाइनेछ।

१२४. उपमहानगरलाई सुरक्षित र प्रविधियुक्त बनाउन स्थानीय प्रशासन तथा निजी क्षेत्रको सहकार्यमा सहरका मुख्य स्थानहरुमा सिसि क्यामेरा राखिनेछ।

**महिला, दलित तथा लक्ष्यित वर्ग उत्थान, सशक्तिकरण एवं सामाजिक समावेशीकरण**

१२५. सामाजिक समावेशी नीतिअनुरुप दलित, आदिवासी, जनजाति, पिछडावर्गको सशक्तीकरण र उत्थानका कार्यक्रम सञ्चालन गरिनेछ।

१२६. महिला तथा बालबालिकाउपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरूमा अभियान सञ्चालन गरिनेछ। हिंसा विरूद्ध शून्य सहनशीलताको नीति अनुरुप प्रत्येक वडामा लैङ्गिक हिंसा व्यवस्थापन समितिको गठन एवं परिचालन गरिनेछ साथै सबै वडाहरू सम्मिलित नगरस्तरमा एक लैंगिक हिंसा निवारण कोष स्थापना र सञ्चालन गरिनेछ।

१२७. विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका, ज्येष्ठ-नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणका लागि लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

१२८. टोल विकास संस्था स्थानीय शासनका साझेदार हुन्। यिनको क्रियाशीलताले स्थानीय सुशासनलाई प्रत्यक्ष रूपमा बल पुग्ने हुँदा टोलस्तरमा हुने सबै स्थानीय शासकीय गतिविधिमा टोल विकास संस्थाको औपचारिक सक्रियता सुनिश्चित गरिनेछ।

१२९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसंग स्थानीय आवश्यकता अनुसार आमन्त्रण र सहकार्य गर्ने नीति लिइनेछ | साथै प्रभावकारी अनुगमन र नियमनमा जोड दिइनेछ। देशभित्र र देशबाहिरका सहरहरुसंग भगिनी सम्बन्ध कायम गरी साँस्कृतिक एवम् विविध पक्षबीच आदान-प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३०. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र अधिकारलाई सुनिश्चित गर्दै अपाङ्गताको गाम्भीर्यताको आधारमा अपाङ्गता परिचय-पत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३१. **"जसको सवाल उसैको नेतृत्व"**भन्ने मान्यताअनुरुप अपाङ्गता क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थाहरूको अगुवाईमा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

१३२. जनकपुरधाम उपमहानगरबाट प्रदान हुने सम्पूर्ण स्वास्थ्य सेवकका अपाङ्गता, जेष्ठ नागरिकलाई निःशुल्क सेवा दिइनेछ।

१३३. उपमहानगरभित्र जन्मिएका बच्चाहरुको जन्मदर्ता गर्दा बालस्वास्थ्य खोपकार्डको आधारमा गरिनेछ र प्रत्येक बालबालिकाको पहिचानलाई सुनिश्चत गर्दै जन्मदर्ता अभिलेखको आधारमा विद्यालय भर्ना गर्ने नीति लिइनेछ ।

१३४. पिछडा वर्ग, सीमान्तकृत समुदाय, आदिवासी जनजाति, दलित लगायत विपन्न र पिछडिएका बस्तिहरुमा स्थलगत रुपमा नै व्यक्तिगत घटना दर्ता गर्न टोली खटिनेछन् । साथै प्रत्येक वडामा व्यक्तिगत घटना दर्ताका लागि घुम्ती शिविर सञ्चालन गरिनेछ।

१३५. तेस्रो लिङ्गीहरुको पहिचान संरक्षण गरी सीपमूलक कार्यहरुमा लगाइनेछ ।

१३६. उपमहानगरका सबै वडाहरुमा सामाजिक विकृति एवं विसङ्गति तथा लागू पदार्थ दुर्व्यसन नियन्त्रण गर्न स्थानीय सुरक्षा निकायबीच सहकार्य गरि नियन्त्रण गरिनेछ ।

१३७. बहु क्षेत्रीय पोषण कार्यक्रमलाई प्राथमिकिकरणमा राखि किशोरी अवस्था देखिनै खानपान तथा स्वास्थ्यको हेरचाहमा ध्यान दिन विभिन्न किसिमका चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१३८. व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता, बसाई सराई, सम्बन्ध विच्छेद जस्ता घटना दर्ता अन्तरार्ष्ट्रिय परिवेशलाई मध्यनजर गरी अनलाईन माध्यमबाट संचालनमा ल्याईनेछ ।

**विपद व्यवस्थापन**

१३९. सबै वडा कार्यालयहरुमा विपद् व्यवस्थापनका आधारभूत सामग्री भण्डारणको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।

१४०. **विपद् र विकासमा युवा परिचालन**को नीतिलाई निरन्तरता दिइनेछ।

१४१. नेपाल सरकार संग सहकार्य गरी विपदका बेला आश्रय दिनका लागि दुई हजार व्यक्ति अट्ने आश्रय स्थल निर्माणको नीति लिइनेछ ।

**उद्योग वाणिज्य**

१४२. औद्योगिक वातावरणलाई लगानीमैत्री तथा प्रतिस्पर्धी बनाई औद्योगिक वस्तुको उत्पादन र रोजगारीका अवसरमा अभिवृद्धि गर्ने नीति लिइनेछ। साना तथा मझौला उद्योगहरुको संरक्षण र विकास गर्दै स्थानीय क्षेत्रमा रोजगारी अभिवृद्धि गर्न संभावित वडाहरु पहिचान गरी साना मझौला तथा लघु उद्योग ग्राम स्थापना गर्ने नीति लिइनेछ ।

१४३. स्थानीय स्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने गरी उद्योगको प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ।

**भू उपयोग तथा वस्ति विकास**

१४४. भूमि उपयोगविहीन रहने स्थिति अन्त्य गर्ने नीति अनुरुप सार्वजनिक वनक्षेत्र, सडक र राजमार्गका किनारा, नदी उकास र सार्वजनिक सरकारी जमिनमा फलफूल र अन्य बिरुवा हुर्काउने अभियान संचालन गरिनेछ।

१४५. उपयोगविहीन जग्गाहरुको पहिचान गरी लगत राखि सार्वजनिक पार्क तथा सार्वजनिक उपयोगका क्षेत्रमा प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४६. उपमहानगरपालिका भित्रका सम्भावित स्थानमा व्यवस्थित बस्ती विकास (ल्याण्ड पुलिङ) कार्यक्रम संचालन गरिनुका साथै एकीकृत शहरी विकास योजना तयार गरिनेछ।संघ र प्रदेशको सहकार्यमा जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४७. उपमहानगरभित्र रहेका भूमिहीन तथा सुकुम्वासीको लगत संकलन कार्यको शुरुवात गरि बैज्ञानिक बसोवासको लागि पहल गरिनेछ।

१४८. उपमहानगरपालिका भित्र रहेका सार्वजनिक पर्ति जग्गा खोजबिन तथा अनधिकृत सार्वजनिक जग्गाको अतिक्रमणलाई कडाईका साथ रोकिनेछ।

१४९. जनकपुरधाम उपमहानगरपालिका भित्र रहेका सार्वजनिक, ऐलानी, पर्ती, गुठी तथा मालतर्फको सार्वजनिक जग्गाहरुको अभिलेखीकरण गरिनेछ।

**आदरणीय महानुभावहरु,**

१५०. अन्त्यमा, आठौँ नगर सभामा सहभागी हुनुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष एवम् सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नीति तथा कार्यक्रम निर्माणमा खटिनुभएका कर्मचारी साथीहरु, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, विकास साझेदार, संचारजगत एवम् आठौँ नगर सभा सम्पन्न गर्न सहयोगी सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**धन्यवाद।**

**मनोज कुमार साह**

**नगर प्रमुख**